**श्री**
**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**
**इजलास**
**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**
**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**
**फैसला**

२०७८/०७९ सालको निर्णय नं. २९२
पुनरावेदन नं. ०७७-RB-०४२१
पुनरावेदन दर्ता मितिः-२०७७।०९।२०
**मुद्दाः– <u>भन्सार महसुल लगायत थप शुल्क</u>** <u>(M20532)</u>**।**

| | |
|---|---|
| का.जि.,का.म.न.पा.,वडा नं. ५ नक्साल स्थित अरेत ईन्टरनेशनल फर्म (स्थायी लेखा नं ११२१९९१६०) प्रो. निलकण्ठ नगरपालिका वडा.नं १०, धादिङ्ग घर भई हाल का.जि.का.म.न.पा वडा नं १० कलंकी बस्ने बिनोद श्रेष्ठ..................................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| श्री सुख्खा बन्दरगाह भन्सार कार्यालय,सिर्सिया पर्सा,विरगंज................................ १ | प्रत्यर्थी |

<u>उपस्थित कानून व्यवसायीहरु</u>
पुनरावेदकका तर्फबाट :- विद्वान् वरिष्ठ अधिवक्ता श्री सुरेन्द्रकुमार खड्का
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट :- विद्धान् सहायक न्यायाधिवक्ता श्री विमला गौतम
**अविलम्वित नजीरः ×**

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**
शुरु निर्णय गर्ने कार्यालयः-श्री सुख्खा बन्दरगाह भन्सार कार्यालय,सिर्सिया पर्सा
शुरु निर्णय गर्ने अधिकारी:- भन्सार अधिकृत डा.श्री लालबहादुर खत्री
शुरू कार्यालयको निर्णय मितिः-२०७७।०८।११

सुख्खा बन्दरगाह भन्सार कार्यालय,सिर्सिया पर्साको निर्णय उपर राजश्व न्यायाधिकरण ऐन,२०३१ को दफा ६(१) तथा भन्सार ऐन,२०६४ को दफा ६२(१) बमोजिम भनी यस न्यायाधिकरणमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. पैठारीकर्ता अरेत ईन्टरनेशनल फर्मले सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्सा, विरगंजको प्रज्ञापनपत्र नं. **M20532** अनुसार मिति २०७७।०८।०९ मा **TESLA (Inc. USA)** मा उत्पादित **Electric Car, Model 3 and Model Y** सवारी साधन पैठारी गरेको भन्ने देखिएको ।

२. पैठारीकर्तालेे गाडी जाँचपाँसका लागी यस कार्यालयमा पेस गरेका कागजातमा उल्लेखित भएको मूल्यलाई **Tesla** गाडीको **online** मूल्यसंग भिडाउदा फरक फरक मूल्य देखिएको र पैठारीकर्तालेे पनि मोडेल, प्रकृति, गाडीमा जडान गरेका उपकरणहरू र अन्तराष्ट्रिय बजारमा हुने स्वतन्त्र मागका आधारमा मूल्य फरक फरक पर्ने उल्लेख गरिएकोले उपरोक्त अनुसार प्रज्ञापन पत्रमा घोषणा गरेको मूल्य प्रमाणित गर्ने उपयुक्त सन्दर्भ सामग्रीहरू भौतिक रूपमा उपलब्ध हुन सकेनन्। अत: पैठारीकर्तालाई भन्सार ऐन,२०६४ को दफा १३ (६) बमोजिम पेस गरेको मूल्य वास्तविक कारोवार मूल्य हो भनी प्रमाणित गर्ने थप कागजात, प्रमाण, सूचना वा सन्दर्भ सामग्रीहरु भए पेस गर्न लगाउनु भनी सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्सा, विरगंजबाट मिति २०७७।०८।११ मा भएको टिप्पणी आदेश ।

३. पैठारीकर्तालेे पेश गरेको बिजक तथा अन्य थप प्रमाण मूल्य खुलेको अनलाईनबाट प्राप्त कागजात समेतका आधारमा भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (३) बमोजिम कारोबार मूल्यलाई मान्यता दिई मालबस्तु जाँचपास हुने भनी मिति २०७७।०८।११ मा सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्सा, विरगंजबाट भएको निर्णय।

४. यसमा म पुनरावेदक नेपाल स्थित अरेत ईन्टरनेशनल फर्मले **TESLA (Inc. USA)** मा उत्पादित **Tesla Electric** गाडि आयात गरी बिक्री वितरण गर्नको लागी **Hong Kong** स्थित **TESLA MOTORS HK LIMITED** को गाडी बिक्रेता **South China Exim Limited** संग १८ सेप्टेम्बर २०२० मा नेपालमा गाडी आयात गर्न आधिकारिक **Agent Export Agreement** गरी गाडी आयात गर्दा पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रकृया र सर्त पूरा गरी गाडी आयात गरिएको छ ।नेपाल एजेन्सी ऐन,२०१४ बमोजिम मिति २०७७।०६।०२ मा बाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभागबाट नेपालभित्र ईलाकाको लागी **Hong Kong** स्थित **South China Exim Limited** को **Tesla (Inc. USA)** मा उत्पादित **Electric Car, Model 3 and Model Y** बिक्रीः वितरण गर्न एजेन्सी दर्ता प्रमाण पत्र लिएको हुँदा एजेन्सी प्रमाण पत्र नभएको भनी थप ३० प्रतिशत शुल्क रू ३७,४४,४०५।-लगाई असुल उपर गरेको हदसम्म विपक्षी भन्सार कार्यालयको मिति २०७७।८।११ को आदेश तथा निर्णय बदर गरी रू ३७,४४,४०५।-पुनरावेदकलाई फिर्ता दिनु भनी निर्णय गरी न्याय इन्साफ पाँउ भन्ने वेहोराको पुनरावेदक अरेत ईन्टरनेशनल फर्म, काठमाण्डौको यस न्यायाधिकरणमा दायर भएको मिति २०७७।०९।१७

को पुनरावेदन-पत्र।

५. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेस गर्नू भन्ने यस न्यायाधिकरणको मिति २०७७।१२।०६ मा भएको आदेश।

**ठहर खण्ड**

६. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढि पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सुरेन्द्रकुमार खड्काले पुनरावेदक **Arete International, Kathmandu** ले **Tesla Electric** गाडि आयात गरी बिक्री वितरण गर्नको लागी **Hong Kong** स्थित **TESLA MOTORS HK LIMITED** को गाडी बिक्रेता **South China Exim Limited** संग १८ सेप्टेम्बर २०२० मा नेपालमा गाडी आयात गर्न आधिकारिक **Agent Export Agreement** गरी गाडी आयात गर्दा पुरा गर्नु पर्ने सम्पूर्ण कानूनी प्रकृया र सर्त पूरा गरी गाडी आयात गरिएको हुदा एजेन्सी प्रमाण पत्र नभएको भनी थप ३० प्रतिशत शुल्क रू ३७,४४,४०५।-लगाई असुल उपर गरेको हदसम्म विपक्षी भन्सार कार्यालयबाट मिति २०७७।८।११ मा भएको आदेश तथा निर्णय बदर गरी पाँउ भन्ने बहस प्रस्तुत गर्नुभयो।

७. विपक्षीको तर्फबाट उपस्थित विद्धान् सहायक न्यायाधिबक्ता श्री विमला गौतमले भन्सार ऐन,२०६४ दफा ६१(१) मा भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको निर्णय वा आदेशउपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि त्यस्तो निर्णय वा आदेश भएको मितिले तीस दिनभित्र उपदफा (२) बमोजिम गठित मूल्यांकन पुनरावलोकन समितिसमक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ भन्ने कानूनी व्यवस्था उल्लेख भएको अवस्थामा पुनरावेदक उक्त मूल्यांकन पुनरावलोकन समितिमा पुनरावेदन गर्न जानु पर्नेमा नगई राजश्व न्यायधिकरणमा पुनरावेदन पत्र लिएर उपस्थित भएको हुँदा प्रस्तुत पुनरावेदन खारेज हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नु भयो।

८. उपर्युक्त बमोजिमको पुनरावेदन जिकीर तथा दुवै पक्षको बहस जिकीरलाई समेत दृष्टिगत गरी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु शुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्सा, विरगंजबाट मिति २०७७।०८।११ मा भएको निर्णय मिलेको छ छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

९. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक पैठारीकर्ताले पैठारी गरेको **Tesla (Inc. USA)** मा उत्पादित **Electric Car, Model 3 and Model Y** को भन्सार महसूल निर्धारण गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्साबाट प्रज्ञापनपत्र नं. **M20532** मार्फत पैठारी भएको तथ्यमा विवाद देखिएन्।

१०. पुनरावेदक पैठारीकर्ताले पेस गरेको बिजक तथा अन्य थप प्रमाण मूल्य खुलेको अनलाईनबाट प्राप्त कागजात समेतका आधारमा भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (३) बमोजिम

कारोबार मूल्यलाई मान्यता दिई मालबस्तु जाँचपास हुने भनी मिति २०७७।०८।११ मा सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट निर्णय भएको देखियो।

११. भन्सार ऐन,२०६४ को ६१ को उपदफा (१) मा **"भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि त्यस्तो निर्णय वा आदेश भएको मितिले तीस दिनभित्र उपदफा (२) बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समिति समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। साथै सोही ऐनको दफा ६२ को उपदफा **(१)** मा **"दफा १३ बमोजिमको निर्णय वा आदेशबाहेक यस ऐन बमोजिम भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय वा दफा ६१ बमोजिम गठित मूल्यांकन पुनरावलोकन समितिले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैतीस दिनभित्र राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको पाईन्छ। उक्त कानूनी व्यवस्था बमोजिम पुनरावेदकले **M20532** बाट पैठारी गरेको मालबस्तुको सम्बन्धमा शुरु सुख्खा बन्दरगाह भन्सार कार्यालय,सिर्सिया पर्साबाट भएको मिति २०७७।०८।११ को भन्सार मूल्य निर्धारणको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६१ बमोजिम गठित पुनरावलोकन मूल्याङ्कन समितिमा पुनरावेदन गर्न जानु पर्नेमा नगई मूल्याङ्न पुनरावलोकन समितिसमक्ष पुनरावलोकनको निवेदन लाग्ने भन्सार ऐन,२०६४ को दफा ६२ को उपदफा (१) को व्यवस्था विपरित पुनरावेदकले सिधै यस न्यायाधिकरणमा मिति २०७७।०९।१७ मा पुनरावेदन गरेको देखियो ।

१२. पुनरावेदन सम्बन्धी कानूनी व्यवस्था प्रारम्भिक कानूनी प्रश्न रहेको र यो मुद्दाका पक्षको छनौटको विषय नभई कानूनी व्यवस्थाको अक्षरशः पालना गर्नुपर्ने विषय हो। शुरू भन्सार अधिकृतको मिति २०७७।०८।११ को निर्णयमा पुनरावेदनको सम्बन्धमा केही उल्लेख नभए पनि श्री सर्वोच्च अदालतबाट **"कुनै विषयमा निर्णय गर्ने न्यायिक र अर्धन्यायिक निकायले गरेको निर्णयमा चित्त नबुझेमा सो उपर पुनरावेदन गर्ने हकको सृजना कानूनबाट हुने भएकोले निर्णयमा चित्त नबुझे पुनरावेदन गर्न जान पाउने कुरा उल्लेख नगरेकै कारणले उक्त कानूनी हक मर्दैन"** भनी (ने.का.प २०६७ अंक १ नि नं ८३०५) सिद्धान्त प्रतिपादन भएको पाईन्छ। यी पुनरावेदकले शुरू निर्णय उपर भन्सार ऐन,२०६४ को दफा ६१ बमोजिम मूल्यांकन पुनरावलोकन समिति समक्ष निवेदन नदिई ऐनको दफा ६२ (१) बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दिएको हुँदा अधिकारक्षेत्रको कानूनी त्रुटी गरी दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रबाट इन्साफ गर्न मिल्ने देखिएन्।

१३. तसर्थ,माथी उल्लिखित आधार र कारणबाट सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सियाका प्रमुख भन्सार अधिकृतले भन्सार ऐन,२०६४ को दफा १३ बमोजिम मिति २०७७।०८।११ मा गरेको निर्णय उपर चित्त नबुझेमा भन्सार ऐन,२०६४ को दफा ६१ बमोजिम मूल्यांकन

पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्ने व्यवस्था रहेकोमा त्यसरी निवेदन नदिई भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दायर भएको प्रस्तुत मुद्दामा अधिकार क्षेत्रात्मक त्रुटी विद्यमान रहेको हुँदा यस्तो पुनरावेदनबाट न्याय निरोपण गर्न नमिल्ने भई प्रस्तुत पुनरावेदन-पत्र खारेज हुने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

1= प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू।

2= फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

3= प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरी शुरू मिसिल सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया पर्सा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(टेकप्रसाद ढुङ्गाना)
अध्यक्ष

उक्त रायमा मेरो सहमति छ।

(गोविन्दप्रसाद अधिकारी)
राजश्व सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः- सरिता रिजाल

कम्प्यूटर टाइपः- प्रदिप तिवारी

फैसला मिति २०७९।०३।०२।५

फैसला प्रमाणीकरण मितिः- २०७९।०३।२४